# मिति २०७७/०५/३१ गते बसेको नगरकार्यपालिकाको निर्णय :

**निर्णय नं. १ :** साझेदारी विकास कार्यक्रमका लागि प्राप्त विशेष अनुदान रकमबाट लक्षित वर्गको हितमा उपयोग गर्ने गरि यस उप-महानगरपालिकाको वडा नं. ९ रामलिला मैदान स्थित नारी विकास केन्द्रको भवन, जग्गा भोगचलनका लागि उक्त संस्था संगको सम्झौता अनुसार प्राप्त भएको भवनको जिर्णोद्धारसम्पन्न भएको, वडा नं. १० को गोसाई गाऊ स्थित सार्वजनिक जग्गामा शटर सहितको भवन निर्माण सम्पन्न भएकोर वडा नं. १८, सुर्खेत रोड स्थित कारकांदौमा रहेको सार्वजनिक जग्गामा सब्जी मण्डीको भवन निर्माण सम्पन्न भईसकेको छ । यसरी निर्माण कार्य सम्पन्न भएता पनि  निर्माण भएको स्थानमा सामान्य माटो पटान लगायत विविध कामहरु गर्न बाँकी रहेको देखिएकोले सो विषयमा प्राविधिकबाट सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरुसंग परामर्श गरि प्राप्त राय, सुझावका आधारमा के कति काम गर्नुपर्ने हो ? एकीन गरि सम्पन्न गर्नका लागि लाग्ने रकम साझेदारी विकास कार्यक्रमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** भेरी वातावरणीय विशिष्टता समूह (बी-ग्रुप)को मिति २०७७।०५।२३ गतेको प्राप्त पत्रानुसार यस नेपालगञ्ज उप-महानगरपालिकामा कोभिड-१९ पूर्व तयारी र प्रतिकार्य परियोजना सञ्चालन गरिरहेको र हालको कोभिड महामारीका कारणबाट प्रभावित भएका यस उप-महानगर क्षेत्र भित्र बसोवास गर्ने ६०० जना अति विपन्न घरधूरीलाई आवश्यक खाद्यान्न र स्वच्छता सामाग्री कोमोडिटी भौचरका माध्यमबाट उपलब्ध गराउने योजना र मापदण्डका आधारमा घरधूरी छनौट कार्यमा सहयोगका लागि अनुरोध भई आएको विषयमा छलफल भयो । सो सन्दर्भमा सवै यथार्थता बुझि समितिबाटै टुङ्गो लगाउने गरि श्रीमान् नगर प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

## तपसिल

१. प्रमुख
२. उप-प्रमुख
३. जनप्रतिनीधिहरु मध्ये सवै पार्टीको तर्फबाट प्रतिनीधित्व हुने गरि १/१ जना प्रतिनीधि ।

**निर्णय नं. ३ :** भेरी वातावरणीय विशिष्टता समूह (बी ग्रुप) को मिति २०७७।०५।२३ गतेको पत्रानुसार कोभिड १९ पूर्व तयारी तथा प्रतिकार्य परियोजना अन्तर्गत् २०० जना अति विपन्न घरधूरीलाई आवश्यक खाद्यान्न र स्वच्छता सामाग्री कोमोडिटी भौचरका माध्यमबाट सहयोग उपलब्ध गराउने कार्य अन्तर्गत् उक्त संस्थाद्धारा नगरस्तरीय अपाङ्गता सञ्जाल संग समन्वय गरि नामावली उपलब्ध गराएकोमा उक्त विवरण सम्बन्धित वडामा पठाउन लगाउने र वडा कार्यालयले सो विषयमा यथार्थता बुझि यथाशिघ्र नगर कार्यपालिका कार्यालयमा जानकारी पठाउन लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** नेपालगन्ज उप महानगरपालिकामा सन्चालित विद्यालयहरुले शैक्षिक सत्र २०७७ मा कक्षा थपका लागि शिक्षा समितिबाट निर्णय भइ पेश गरेका आधारमा तपसिलका विद्यालयहरुलाई कक्षा थप गर्न अनुमती दिने निर्णय गरियो ।

**तपसिल :**

| क. स. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | अनुमति माग गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैलेश्वरी विद्या निकेतन | ने.ग. १० आदर्शनगर | ७ | ८ | |
| २ | संस्कार विद्या निकेतन | क.सं. | ० | पूर्व प्राथमिक | गुठी |
| ३ | इन्स्टिच्यूट अफ क्रिस्टल नलेज बो.स्कुल | ने.ग.७ फुल्टेका | ६ | ७ | |
| ४ | ग्रेश इन्टरनेशनल इ.मि.बो.स्कुल | ने.ग.४ गणेशपुर | ७ | ८ | |
| ५ | ड्रिमल्याण्ड इ.मि.बो.स्कुल | ने.ग.२० राँझा | १० | ११ | |
| ६ | आधारभूत विद्यालय सल्यानीवाग | ने.ग.४ सल्यानीवाग | ८ | ९ | |
| ७ | न्यू ग्यालेक्सी इ.मि.बो.स्कुल | ने.ग.१० बाँके | ७ | ८ | |
| ८ | सगरमाथा इ.मि.बो.स्कुल | ने.ग.१८ कारकाँदो | ११ | १२ | |
| ९ | नेपालगन्ज मोडेल एकेडेमी | ने.ग.१८ कारकाँदो | ११ | १२ | |
| १० | सक्सेस इ.मि.बो.स्कुल | ने.ग.२० नयाँवस्ती | ४ | ५ | |
| ११ | आइडियल पब्लिक इ.मि.स्कुल | ने.ग.१३ बाँके | ११ | १२ | |
| १२ | शान्ती पनि इ.मि.बो.स्कुल | ने.ग.१८ बाँके | ४ | ५ | |
| १३ | श्री जय जनता मा.वि.थपुवा | ने.ग.२० | १२ | १० कृषि वाली विज्ञान(प्रविधिक) | |
| १४ | स्पिड्डेल एकेडेमी | ने.ग.१८ कारकाँदो | ११ | १२ | |
| १५ | जगन्नाथ इ.मि.बो.स्कुल | ने.ग.१३ बाँके | ५ | ६ | |

**निर्णय नं. ५ :** नेपालगन्ज उप महानगरपालिका वडा नं.६ अन्तर्गत पर्ने श्री फुल्टेका मा.वि.को ठाउँ अभावको कारण विद्यालय सार्नुपर्ने आवश्यकता देखिएको र नेपालगन्ज उप महानगरपालिका वडा नं.६ अन्तर्गत शिव पार्वती मन्दिरको नाममा रहेको किता नं. ६७ को सम्पूर्ण १४ कठ्ठा १५ धुर जग्गा उक्त विद्यालयलाई निःशुल्क दिने भनी शिव पार्वती मन्दिर संरक्षण एवम् व्यवस्थापन समितिले मिति २०७६।०३।२८ गते निर्णय गरेको र २०७६।०४।२९ गते उक्त समिति र विद्यालयको विचमा भएको सहमतीका आधारमा विद्यालयको नाममा भोगाधिकार कायम गराइ पाउँ भनी निवेदन प्राप्त हुन आएकोले सो जग्गाको विद्यालयलाई भोगाधिकार कायम गराउनका लागि नगर शिक्षा समितिले निर्णय गरे वमोजिम उक्त जग्गाको भोगाधिकार श्री फुल्टेका मा.वि.लाई हुने गरी निर्णय गरियो ।

**निर्णय नं. ६ :** बिश्वब्यापि महामारिका रुपमा फैलिएको कोरोना भाईरस **(COVID 19)** को प्रकोपका कारण जिल्ला प्रशासन कार्यालय बाँकेले संक्रामक रोग ऐन, २०२० को दफा २ एबम् स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६(३) बमोजिम बाँके जिल्लाभर मिति २०७७/०४/१७ गते शनिवार राति १२ बजे देखि मिति २०७७/०४/२७ गते मंगलबार राती १२ बजे सम्म स्वास्थ्य, सुरक्षा, एम्बुलेन्स, शववाहन, दमकल बाहेकका सम्पूर्ण सवारी साधन, पसल ब्यावसायस संञ्चालन र हिँडडुलमा समेत पूर्णतया निषेध (एरिया शिल)गरेकोमा यस कार्यालयबाट आ.ब. २०७६/२०७७ को अन्तमा जारी गरिएका चेकहरु साट्न बाँकि भै फिर्ता आएको र सो रकम समेत खर्च खाताबाट संञ्चित कोषमा फिर्ता भै गएकाले नगरपालिका तथा वडा कार्यालयहरुको समेत **अनुसूची १** बमोजिमको रकमहरु संञ्चित कोषबाट बिबिध खर्च खातामा ट्रान्सफर गरी बिबिध कोषबाट खर्च लेख्ने साथै सातौ नगर सभामा बिनियोजित बजेटबाट **Girls College** र **Kanti Tall**का लागि अपुग भएको रकम समेत माथि उल्लेखित प्रक्रिया बमोजिम खर्च हुनेगरि कार्यालयलाई स्विकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** आ.ब.२०७६/२०७७ मा नगरपालिका र वडा कार्यालयको बजेट बाँकी रही संञ्चित कोषमा जम्मारहेको रकमको **अनुसूची २** बमोजिमको विवरण जानकारी भयो । सो बचत बजेट संञ्चालनका लागि आगामि बैठकहरुमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** यस उपमहानगरपालिकाबाट पर्न आउने/आएका उजुरी/विवादहरु मध्ये मेलमिलापमा पठाउने र सुल्झाउने उद्देष्यले सरोकारवालाहरु समेतको सहभगितामा तयार गरिएको यस उपमहानगरपालिकाको मेलमिलाप निर्देशिका,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** शहरी बिकास मंत्रालयबाट प्राप्त भएको बजेटबाट नगरका बिभिन्न वडाहरुमा जडान हुन लागेका हाईमास्ट बत्तीहरुको साबिकमा जडान गर्ने गरी यस उपमहानगरपालिकाबाट यस अघि भएको निर्णय अनुसार नै जडान गर्ने । उपमहानगरपालिकाको वडा नं. १८, २०, २१ लगायतबाट आएको स्थान परिवर्तन सम्बन्धि मागका सम्बन्धमा प्राबिधिक कारणले कूनै स्थानमा लगाउन नमिल्ने भएमा प्राबिधिकको सिफारिसका आधारमा बैंकल्पिक स्थानमा जडान गर्ने र नेपाल बिद्युत प्राधिकरणबाट जडान भएका हाईमाष्टहरुमा बिद्युत मिटर समेत जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** यस उपमहानगरपालिका क्षेत्रभित्र क्रियाशिल संघसंस्थाहरुलाई निजहरुको कामको प्रकृती समेतलाई मध्येनजर गर्दै गैर नाफा मूलक भई सेवा क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसकारी संघसंस्थाहरुको ब्यवसाय दर्ता गन नपर्ने ब्यवस्था गर्ने, नयां फर्म दर्ता गर्ने प्रयोजनका लागि सिफारिस दिदा शूल्क नलिने, बार्षिक ब्यवसाय लगतमा दर्ता समेत गर्न नपर्ने ब्यवस्था गर्ने निर्णय गरियो ।